Symbol No. ....................

RE - 1051'KaP

# SEE 2082 (2026)
## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

### समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. सामाजिकीकरणमा सहयोग पुऱ्याउने कुनै दुई निकायको नाम लेख्नुहोस् ।

२. नेपालमा सङ्घीय शासन प्रणाली लागु भएपछिको कुनै एक उपलब्धि लेख्नुहोस् ।

३. नेपालमा सामाजिक सुधारका लागि युनिसेफले खेलेको एउटा भूमिका उल्लेख गर्नुहोस् ।

४. दाइजो प्रथा विरुद्ध सचेतना जगाउने नारासहित् एउटा प्लेकार्डको नमुना बनाउनुहोस् ।

५. साराजेभोमा हत्या गरिएका राजकुमार फ्रान्सिस फर्डिन्यान्ड र उनकी पत्नी कुन देशका थिए ?

६. संयुक्त राष्ट्रसङ्घको स्थापना दोस्रो विश्वयुद्धको एउटा उपलब्धि थियो, किन ?

७. उर्जाका स्रोतहरूमध्ये सबैभन्दा बढी प्रयोग हुने मुख्य दुई स्रोत लेख्नुहोस् ।

८. तपाईं मोबाइल बैङ्किङको प्रयोग केका लागि गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

९. विश्वव्यापीकरण भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

१०. जलवायु परिवर्तनले मानव जीवनलाई कसरी प्रभाव पार्छ ?

११. तपाईंले स्वस्थ जीवनशैली अवलम्बन गर्न के गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

### समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. "नेपाली समाजमा विविधताहरूको बिच सुमधुर सद्भाव र एकता कायम रहेको छ" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

१३. दिगो विकासको परिचयसहित यसको महत्त्व तीन बुँदामा उल्लेख गर्नुहोस् ।

१४. तपाईंको विद्यालयमा बाल दिवस मनाउनका लागि कार्यक्रम सूची तयार गर्नुहोस् ।

१५. "विश्वबन्धुत्वको भावना विश्वमा शान्ति स्थापना गर्ने आधार हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

अथवा

"हाम्रा लोकगीत र लोकबाजाले हाम्रो समाजको विशेषता झल्काउँछन् ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

१६. सामाजिक समस्या र विकृतिले समाज विकासमा कसरी बाधा पुऱ्याउँछन् ? आफ्नो विचार चार बुँदामा लेख्नुहोस् ।

१७. न्यायपालिकाका कुनै चारओटा कार्य लेख्नुहोस् ।

क्रमशः

CamScanner

१८. नेपाल विश्वको कुन हावापानी क्षेत्रमा अवस्थित छ ? उक्त हावापानीका तीन विशेषता लेख्नुहोस् ।

१९. यदि तपाईं संयुक्त राष्ट्रसङ्घको महासचिव हुनु भएको भए, विश्वमा चलिरहेको युद्ध अन्त्य गर्न के के गर्नुहुन्थ्यो ? चार बुँदामा लेख्नुहोस् ।

२०. पछिल्लो जनगणनामा नेपालको जनसङ्ख्या वृद्धिदर घट्नुका कुनै चारओटा कारण लेख्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४×७=२८)**

२१. उपभोक्ता अधिकारबारे सचेत नभएमा हुनसक्ने कुनै तीन समस्या उल्लेख गर्दै सचेत उपभोक्ताले त्यस्ता समस्याबाट सुरक्षित रहनका लागि ध्यान दिनुपर्ने कुनै चारओटा पक्ष लेख्नुहोस् । (३+४=७)

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) लामटाङ हिमाल (ख) सुर्खेत
(ग) पूर्वपश्चिम राजमार्ग (घ) मेची नदी

अथवा

पृष्ठभरिको उत्तर अमेरिकाको नक्सा कोरी निम्न तथ्यहरूलाई उचित सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) अलास्का (ख) सुपेरियर ताल
(ग) न्यूयोर्क (घ) प्रेरिज घाँसे मैदान

**दृष्टिविहीनका लागि मात्र**

भूकम्पवाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् ।

२३. नेपालको इतिहासमा वि.सं. २००७ को राजनीतिक परिवर्तनपछि भएका सामाजिक तथा आर्थिक उपलब्धिहरू बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

२४. नेपालमा विमाको महत्त्व सम्बन्धमा दुई साथीबिचको संवाद तयार गर्नुहोस् ।

-ø-

CamScanner